लुम्बिनी प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

राप्ती उपत्यका ( देउखुरी) दाङ, नेपाल

प.सं :- २०८०/८१

च.नं :-

*(प्रथम पटक सूचना प्रकाशित मिति : २०८०।१२।२२)*

**श्री लुम्विनी प्रदेश भित्र सञ्चालित आङ्गिक क्याम्पसहरु सवै**

**श्री लुम्विनी प्रदेश भित्र सञ्चालित सामुदायिक क्याम्पसहरु सवै**

**विषय : मुक्त कमैया, कम्लहरी, मुस्लिम र सिमान्तकृत छात्राहरुलाई उच्च शिक्षा अध्ययन छात्रवृत्ति सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा यस कार्यालयको आ. व. २०८०।०८१ को वार्षिक बजेट तथा कार्यक्रम अनुसार यस लुम्बिनी प्रदेश भित्रका सामुदायिक तथा आङ्गिक क्याम्पसहरुमा स्नातक तथा स्नातकोत्तर तहमा उच्च शिक्षा अध्ययनरत **मुक्त कमैया, कम्लहरी, मुस्लिम र सिमान्तकृत छात्राहरुलाई** उच्च शिक्षा अध्ययन छात्रवृत्ति उपलब्ध गराउने कार्यक्रम रहेकोले सम्वन्धित क्याम्पसहरुले सूचना प्रवाह गरी यो सूचना जारी भएको मितिले २१ दिन भित्र विद्यार्थीहरुबाट निवेदन संकलन गरि प्राप्त निवेदन र देहायका कागजात रुजु एवं प्रमाणित गरी एक मुष्ट विवरण निवेदन दिने समयावधि समाप्त भएको मितिले ५ दिनभित्र सम्बन्धित सामाजिक विकास डिभिजन कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**पेश गर्नुपर्ने कागजातहरु**

१. विद्यार्थीको निवेदन पत्र

२. स्नातक तहको छात्रवृत्तिका लागि कक्षा १२ उत्तीर्ण गरेको र स्नातकोत्तर तहको छात्रवृत्तिका लागि स्नातक उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि

३. क्याम्पसमा भर्ना भई नियमित रुपमा अध्ययनरत रहेको र ७० प्रतिशत भन्दा बढी हाजिरी भएको सम्वन्धित क्याम्पसको सिफारिस

४. मुक्त कमैया वा कम्लहरी छात्रवृत्तिका लागि सरकारी निकायबाट जारी भएको प्रमाणपत्र/परिचयपत्र/सिफारिसपत्रको प्रमाणित प्रतिलिपि

५. मुस्लिम र सिमान्तकृत छात्रवृत्तिका लागि सो जातिभित्र सूचिकृत भएको सम्बन्धी सरकारी निकायबाट जारी प्रमाणपत्र/सिफारिस पत्र

६. अन्य कुनै निकायवाट छात्रवृत्ति नपाएको व्यहोराको सम्बन्धित क्याम्पसको सिफारिस पत्र

७. लुम्बिनी प्रदेशमा स्थायी बासिन्दा भएको भनी सम्बन्धित स्थानीय तहको सिफारिस पत्र

८. आवासीय छात्रवृत्तिको हकमा अविवाहित रही अभिभावक तथा घरवार विहिन भई छात्रावासमा बसी अध्ययन गरिरहेको र बेरोजगार रहेको व्यहोराको सम्बन्धित स्थानीय तह र सम्बन्धित छात्रावासको सिफारिस।

९. विद्यार्थीको खाता रहेको बैंकको नाम, ठेगाना र खाता नम्वर (बैंकको चेकको फोटोकपी)

यम बहादुर के.सी.

नि. महानिर्देशक

नि. महानिर्देशक

**बोधार्थ:**

**श्री सामाजिक विकास डिभिजन कार्यालयहरु सबै:** सम्बन्धित जिल्ला भित्रका क्याम्पसहरुलाई सूचना प्रवाह गरी कार्यान्वयन गर्नु हुन र एक मुष्ट विवरण तयार गरी प्रमाणित प्रति तथा विद्युतीय (Excel) प्रति समेत निर्देशनालयमा पठाइदिनुहुन।

**सम्पर्क:**

१. बाँके र बर्दिया जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, नेपालगञ्ज, बाँके - सम्पर्क नं ९८५८०८०२८१

२. दाङ र रुकुम पूर्व जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तुलसीपुर, दाङ - सम्पर्क नं ९८५७८२५२४६

३. प्युठान र रोल्पा जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, विजुवार, प्युठान - सम्पर्क नं ९८५७८६०१४३

४. कपिलवस्तु र अर्घाखाँची जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तौलिहवा, कपिलवस्तु - सम्पर्क नं ९८५७०५००१३/१४

५. पाल्पा र गुल्मी जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, तानसेन, पाल्पा - सम्पर्क नं ९८५७०७७६२०

६. रुपन्देही र नवलपरासी (ब.सु.प.) जिल्लाको लागि सामाजिक विकास डिभिजन कार्यालय, भैरहवा, रुपन्देही - सम्पर्क नं ९८५७०३७९५५